# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्याः ०४ मितिः २०८३।०१।०४

## भाग-२

**सम्बत् २०८३ सालको कार्यविधि नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **“विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३”** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

## गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/०३

**प्रस्तावनाः**

नेपालको संविधानमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने व्यवस्था गरेको र शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको अवस्थामा आधारभूत तहको बालविकास कक्षादेखि कक्षा पाँचसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि सङ्घीय सरकारबाट दिवा खाजा कार्यक्रमका लागि बजेट व्यवस्था भएको परिवेशमा कक्षा छ देखि कक्षा बाह्र कक्षासम्मका विद्यार्थीहरुलाई दिवा खाजाका लागि स्थानीय तहबाट बजेट व्यवस्थापन गर्दै विद्यालय दिवा खाजा कार्यक्रमका लागि विनियोजित बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा स्रोत परिचालनलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाले यो विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८३ रहेको छ ।

२. **यो कार्यविधि माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत मितिदेखि लागू हुनेछ ।**

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

ख) "स्थानीय तह" भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्छ ।

ग) "कार्यक्रम" भन्नाले विद्यालय दिवा खाजा कार्यक्रम सम्झनु पर्छ ।

घ) "शिक्षा शाखा" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ङ) "कार्यालय" भन्नाले माछापुच्छ्रे गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

च) " दिवा खाजा" भन्नाले सामुदायिक विद्यालयमा विद्यार्थीहरूका लागि व्यवस्था गरिएको खाजा कार्यक्रम सम्झनु पर्छ ।

छ) " शिक्षा शाखा प्रमुख" माछापुच्छ्रे गाउँपालिकाको शिक्षा शाखाको प्रमुख भई काम गर्ने तोकिएको शिक्षा अधिकृतलाई सम्झनु पर्छ ।

ज) "प्रधानाध्यापक" सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## कार्यक्रमको उद्देश्य, व्यवस्थापन तथा सञ्चालन

४. **१. कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरू देहाय बमोजिम रहेका छनः-

(क) विद्यालय तहका बालबालिकाहरुको पोषणको अवस्था सुधार गरी सिकाई उपलब्धिमा सुधार गर्नु ।

(ख) नेपाल सरकारबाट सामुदायिक विद्यालयहरूलाई लक्षित गरी सञ्चालन गरिरहेको विद्यालय दिवाखाजा कार्यक्रमसँगै कक्षा छ देखि कक्षा बाह्रसम्मका विद्यार्थीका लागि दिवाखाजा कार्यक्रमको व्यवस्थापनमा सहयोग पुयाउनु ।

(ग) स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम प्रवर्द्धन गर्नु ।

(घ) शैक्षिक सुधारको लागि दिवाखाजाको माध्यमबाट टिकाउ दर बढोत्तरी गर्नु ।

(ङ)विद्यार्थीको पोषण, स्वास्थ्य र सिकाइ अवस्था सुधार गर्न समुदायको सहभागिता वृद्धि गर्नु ।

४.२. **सामुदायिक विद्यालय दिवाखाजा व्यवस्थापन तथा अनुगमन समितिः-**

४.२.१. कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि गाउँपालिकास्तरमा देहाय बमोजिमको दिवा खाजा व्यवस्थापन समिति रहने छ ।

(क) संयोजकः अध्यक्ष, माछापुच्छ्रे गाउँपालिका

(ख) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्यः सामाजिक विकास समिति संयोजक

(घ) सदस्यः आर्थिक प्रशासन प्रमुख

ङ) सदस्यः स्वास्थ्य शाखा प्रमुख

च) सदस्यः कृषि शाखा प्रमुख

(छ) सदस्य सचिवः शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

**४.२.२. क) पालिका स्तरीय दिवाखाजा व्यवस्थापन समितिको भूमिकाः**

क) कार्यक्रम सञ्चालनका सम्बन्धमा मातहतका निकाय तथा समितिहरूलाई राय सल्लाह तथा निर्देशन प्रदान गर्ने,

ख) कार्यक्रमको लागि तोकिएका क्रियाकलापहरूको लागि विनियोजित बजेट विभिन्न क्रियाकलापहरूमा बाँडफाँट गर्ने र निकाशा गर्ने,

ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्ययोजना स्वीकृत गर्ने,

घ) कार्यक्रम सञ्चालन अवस्थाको अनुगमन गरी सुझाव दिने,

ङ) कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा समितिहरूबाट प्राप्त प्रतिवेदन अध्ययन गरी सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने,

च) कार्यक्रमलाई प्रभावकारी वनाउन अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।

छ) कार्यक्रम सञ्चालनको लागि विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउने,

ख) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ र समितिको बैठकमा आवश्यकता अनुसार विषय विशेषज्ञ, सम्बन्धित कर्मचारी र सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

४.२.३. **दिवाखाजा कार्यक्रमको प्रभावकारी कार्यान्यनका लागि विद्यालयस्तरमा देहाय बमोजिमको दिवाखाजा कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।**

(क) संयोजकः विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य

(ख) सदस्यः वडा शिक्षा समितिले तोकेको १ जना सदस्य

(ग) सदस्यः शिक्षक अभिभावक संङघले तोकेको १ जना महिला सदस्य

(घ) सदस्यः विद्यालयको उच्चतम कक्षामा अध्ययनरत १ /१ जना छात्रा र छात्र गरी २ जना

(ङ) सदस्यः विद्यालयको लेखापाल वा लेखाको काम गर्ने शिक्षक१ जना

(च) सदस्यः सम्बन्धित वडाको स्वास्थ्य प्रमुख वा निजले तोकेको स्वास्थ्यकर्मी

(छ) सदस्य सचिवः विद्यालका प्रधानाध्यापक

४.२.४.क) **विद्यालय स्तरीय दिवाखाजा कार्यक्रम कार्यान्वयन समितिको भूमिका देहाय बमोजिम हुनेछ ।**

क) दिवाखाजा कार्यन्वयनका लागि आवश्यक प्रवन्ध मिलाउने,

ख) भान्छाघरको व्यवस्थापन उपयुक्त ढङ्गले मिलाउने,

ग) तोकिएको खाजाको मेनु अनुसार खाजा पकाउने व्यवस्था मिलाउने,

घ) भान्छघर, खाजा खाने स्थल, पानी, इन्धन, भाँडा वर्तन आदिको उपयुक्त प्रवन्ध गर्ने,

ङ) विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय गरी कार्यक्रम कार्यन्वयन गर्ने,

च) विद्यालयमा स्थानीयस्तरमा उत्पादन हुने खाजा सामग्री प्रयोगको व्यवस्था मिलाउने,

छ) विद्यालयमा करेसवारी निर्माण, विद्यार्थीलाई व्यवसायिक स्वच्छ तरकारी उत्पादनमा प्रोत्सहित गर्ने,

ज) विद्यार्थी सङ्ख्याका आधारमा गाउँपालिकामा तोकिएका कागजपत्र पेश गरी रकम माग गर्ने,

झ) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

ञ) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ, सम्वन्धित कर्मचारी र सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद - ३

## विद्यालय दिवा खाजा सञ्चालन प्रक्रिया

५. **विद्यालय केन्द्रित आन्तरिक व्यवस्थापनः** विद्यालयले माछापुच्छ्रे गाउँपालिका मार्फत संघीय सरकारले दिएको दिवा खाजाको सर्सत अनुदान प्राप्त गर्नेछ । यस अन्तर्गत विद्यालयलाई तोकिएको खाजा परिकारहरू (मेनु) लाई चाहिने आवश्यक खाद्यसामग्रीहरूको खरिद विद्यालयले प्रत्यक्ष रुपमा स्थानीय कृषि सहकारी, किसान समूह, आमा समूह, अभिभावक समूह आदिबाट गर्नुपर्दछ । विद्यालयले खाद्य सामग्रीहरू खरिदका लागि माथि उल्लेखित आपूर्तिकर्ताहरूसँग आवश्यक सम्झौता गरी चाहिने सामग्रीहरू दैनिक वा साप्ताहिक रुपमा खरिद गर्ने व्यवस्थापन गर्ने तथा खाद्य सामग्रीहरूको भण्डारण र रेखदेख गर्ने कार्य विद्यालयले गर्नु पर्नेछ। विद्यालयमा पढ्ने बालबालिकाहरूका अभिभावक (खास गरेर आमाहरू) सम्मिलित एउटा समूह बनाई समूहको सबै सदस्यहरूलाई पालैपालो दैनिक/साप्ताहिक रुपमा विद्यालयमा आइ खाजा पकाउने जिम्मेवारी तोकि दिवाखाजा व्यवस्थापन गर्न सकिनेछ।विद्यालयले अभिभावकहरूको सहयोगमा भान्सेको नियुक्ति गर्न सक्नेछन्।यसरी नियुक्त भान्सेहरूको लागि विद्यालयले आफ्नै स्रोतबाट भान्सेको पारिश्रमिक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ४

## दिवा खाजाका लागि आवश्यक सामग्री खरिद र व्यवस्थापन

### ६. दिवा खाजाका लागि आवश्यक सामग्री व्यवस्थापन

दिवा खाजा व्यवस्थापनको ढाँचा जुनसुकै भए पनि यसको खरिद तथा आपूर्ति सार्वजनिक खरिद ऐन २०६४र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धात्मक विधि अपनाई खाद्य सामग्री खरिद तथा व्यवस्थापन प्रक्रिया विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

### ७. दिवा खाजाको लागि खाद्य सामग्री खरिद

क) विद्यालयले स्थानीय तहमा उपलब्ध नहुने नुन, चिनी, तेल, मसला जस्ता खाद्य पदार्थ बाहेक अन्य स्थानीय उत्पादित खाद्य पदार्थ मात्र उपयोग, खरिद र आपूर्ति गर्नुपर्नेछ ।

ख) दिवा खाजाका लागि चाहिने सम्पूर्ण खाद्य सामग्रीहरू स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ ।

ग) स्थानीयस्तरमा उत्पादन हुनेबाहेक अन्य खाद्य सामग्री आवश्यक भएमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई खरिद गर्नुपर्नेछ ।

घ) तयार भएको खाजा वितरण शिक्षकहरूको उपस्थिति तथा सहयोगमा मात्र हुने छ । वितरण गर्दा पहिले सबैभन्दा साना कक्षादेखि सुरु गरी क्रमशः माथिल्लो कक्षाहरूलाई मात्र वितरण गर्नुपर्नेछ ।

**परिच्छेद ५**

**अनुदान रकम माग र निकास प्रक्रिया**

८. विद्यालयले खाजा व्यवस्थापन गर्न दिवा खाजाका लागि अनुदान रकम माछापुच्छ्रे गाउँपालिकासँग सङ्घीय सरकारले तोकेबमोजिमको रकम माग गर्नुपर्ने छ । गाउँपालिकाले विद्यालयबाट आवश्यक विवरण लिई निर्धारित दर अनुसारको रकम त्रैमासिक रुपमा  विद्यालयको बैङ्क खातामा निकासा गर्नेछ । यस क्रममा अवलम्बन गर्नुपर्ने प्रक्रिया निम्नानुसार छन् ।

क) आफुले पाउनुपर्ने अनुदान रकम निकासाका लागि विद्यालयले अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा शिक्षा, युवा तथा खेलकुद शाखामा माग फाराम पेश गर्नुपर्ने छ ।

ख) शिक्षा शाखाले माग फारम प्राप्त भएपछि त्रैमासिक रुपमा तोकिएबमोजिमको रकम विद्यालयको बैङ्क खातामा जम्मा गर्नुपर्नेछ ।

ग) संघीय सरकारको दिवाखाजा कार्यक्रम बाहेकका कक्षाका कार्यक्रमका लागि उल्लिखित प्रयोजन बाहेक भान्सा तथा भण्डार कक्ष निर्माण तथा मर्मत, खानेपानी धारा तथा ट्याङकी निमार्ण जस्ता कार्यमा सो रकम खर्च गर्न पाइने छैन।यस्ता पूर्वाधारको व्यवस्थापन विद्यालय वा स्थानीय तहले अन्य स्रोतबाट गर्नुपर्नेछ ।

घ) भण्डारणसहितको भान्साकोठाको निमार्ण गर्न आवश्यक भएमा सो को व्यवस्था विद्यालयले नै गर्नुपर्नेछ।

**परिच्छेद ६**

९. **दिवा खाजा तयारी गर्दा ध्यान दिनुपर्ने कुराहरु**

क) दिवा खाजा तयार गर्ने भान्से खाना पकाउन दक्ष हुनुका साथै व्यक्तिगत रुपमा सफासुग्घर रहने र स्वच्छता कायम गर्ने हुनुपर्दछ । खाना पकाउन भन्दा अघि नङ काट्ने, हात र खुट्टा साबुनले सफा गर्ने गर्नुपर्छ । भान्सेले सफा पोसाक लगाउने गर्नुपर्दछ भने खाना पकाउदा शरीर एप्रोनले र टाउको सफा कपडा वा ओढ्नेले ढाक्ने गर्नुपर्दछ ।

ख) खाना प्रदुषित नहुन र रोग सङ्क्रमण हुन नदिन भान्साको नियमित सरसफाइ गरी उच्च स्वस्छता कायम राख्नुपर्दछ ।

ग) खाना पकाउन दाउराको सट्टा एलपिजि ग्याँस उपयोग हुने अवस्थामा यसको सुरक्षित तरिकाले गरिनुपर्दछ र चुहिने नभएको सुनिश्चित गरिनुपर्छ । खाजा पकाउने भान्से ग्याँस र ग्याँस इन्धनयुक्त चुलो चलाउन दक्ष र अनुभवी हुन आवश्यक छ ।

घ) पकाउने भाँडा, भान्सामा प्रयोग हुने औजार र उपकरण, खाजा खान प्रयोग हुने थाल, प्लेट आदि सामानको उचित सरसफाई गरिनुपर्छ ।

ङ) पकाएको खाना खेर जान नदिन खाना पकाउनु अघि विद्यार्थीको उपस्थितिका आधारमा खाजा तयार गरी भान्सेले खाजा खाने विद्यार्थी यकिन गर्नुपर्दछ ।

च) तयार हुने खाजा परिकारका लागि आवश्यक पर्ने खाद्य सामग्रीको उचित परिणाम र मात्रा तय गर्न भान्से जानकार रहनुपर्छ । बालबालिकाको उमेरअनुसार आवश्यक पोषण तत्वको मात्राका लागि आवश्यक खाद्य सामग्रीको परिणाम र मात्रासँग निजलाई जानकारी गराउनुपर्दछ ।

छ) सम्भव भएसम्म एकलमिश्रित खाजा (जस्तै खिचडी, तरकारी मिश्रित भात) तयार गर्नु र उपभोग गर्नु उपयुक्त हुन्छ । यसमा निर्धारित परिणाम तथा मात्रामा यस्ता अङकुरयुक्त मास तथा गेडागुडी परिकार सेवन गर्न उत्प्रेरित गर्नुपर्दछ। सागपात प्रयोग गर्दा सफा पानीले धोएर मात्र काट्नुपर्छ । काटी सकेर धुनु वा पखाल्नु उपयुक्त हुँदैन ।

ज) दाल, चामल, गेडागुडी केही समय भिजाएर मात्र पकाउने गरेमा कम समयमा पाक्छ । तसर्थ राम्ररी पखालेर मात्र ठीक मात्राको पानीमा भिजाउने र सो पानीसहित पकाउने गर्नुपर्दछ ।

झ) खाना पकाउँदा विर्कोले छोप्ने गर्नुपर्छ । यसो गर्नाले पोषक तत्व नष्ट हुँदैन । साथै खाना आवश्यकता भन्दा बढी समय पकाउन हुँदैन ।

ञ) एकचोटी खाना पकाउन प्रयोग भइसकेको तेल अर्को पटक प्रयोग गर्नु हुँदैन ।

ट) मूला, गाजर, सलगमका पात काटेर फाल्नु हुँदैन।खानामा मिसाएर पकाउने वा उपयोग गर्नुपर्दछ।

ठ) आयोडिनयुक्त नुन खाना पाक्ने अवस्थामा मात्र प्रयोग गर्नुपर्दछ ।

ड) खाजा वितरण गर्दा कक्षागत पालो निर्धारित गरी तल्ला कक्षाका विद्यार्थीलाई प्राथमिकतामा राख्ने गर्नुपर्दछ ।

ढ) सफा र स्वच्छ स्थानको प्रबन्ध गर्नुपर्दछ ।

ण) साबुनपानीले हात धोएर मात्र खाजा खाने व्यवस्था गर्ने र समूहमा हात धुने प्रबन्ध गर्नुपर्दछ ।

त) फालिने गरी खानेकुरा नलिने र लिएको खाना नफाल्ने जानकारी गराउनुपर्दछ ।

थ) निर्दिष्ट स्थानमा मात्र फोहोर फाल्ने, थाल भाँडा र हात धुन तथा सरसफाइका कार्य गर्नुपर्दछ ।

द) कुहिने, सड्ने, गल्ने वस्तु तथा फोहोर कागज, प्लास्टिक, कपडाका टुक्रा, सिसा वा बोतल अलग टोकरी (ट्याङ्की, बाल्टी वा बिन) वा खाडलमा मात्र राख्ने वा विर्सजन गर्नुपर्दछ ।

ध) नकुहिने, कुहिने र पुन प्रयोग गर्न मिल्ने ३ प्रकारमा बाल्टी, ट्याङकी वा विनको व्यवस्था गरी छुट्टाएर राख्ने ।

न) कुहिने, सड्ने गल्ने वस्तुबाट मल तयार गर्ने तथा नकुहिनेलाई उचित विसर्जन गर्ने गर्नुपर्दछ ।

## परिच्छेद ७

## दिवाखाजा व्यवस्थापनमा विभिन्न निकायको निकायगत भूमिका

१०. **दिवाखाजा सञ्चालनको लागि विभिन्न निकायको भूमिका सम्बन्धी व्यवस्था**

**१०.१. गाउँ कार्यपालिकाको भूमिका**

दिवा खाजा व्यवस्थापनका लागि संघीय सरकारबाट उपलब्ध अनुदानका अतिरिक्त गाउँपालिकाको तर्फबाट समेत निश्चित स्रोत परिचालन गरी विद्यालयहरूमा दिवा खाजाको व्यवस्थापन गर्न सक्नेछ। आवश्यकता अनुसार विभिन्न सङघ संस्थाहरूलाई समेत आफ्नो स्रोत परिचालन गरी सहयोग गर्नुपर्ने छ विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि गाउँ कार्यपालिकाको जिम्मेवारी निम्नानुसार हुनेछ ।

क) दिवाखाजाका लागि विद्यार्थी संख्याका आधारमा आवश्यक वित्तिय व्यवस्थापन गर्ने ।

ख) दिवा खाजाका व्यवस्थापन सम्बन्धी नीति कार्यक्रम कार्यनिति निर्देशन तर्जुमा गर्ने कार्यान्वयन गराउने।

ग) कार्यक्रम कार्यान्वयन र दिवा खाजाको राष्ट्रिय मापदण्ड अनुरुप मापदण्ड तथा स्तर निर्धारण गर्ने र कार्यान्वयन गराउने ।

घ) शिक्षा समितिबाट पेश भएको नीति, नियम, योजना तथा कार्यक्रमहरूको मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने ।

ङ) शिक्षा शाखाबाट प्रस्तुत भएको दिवा खाजाको कार्ययोजना, वार्षिक बजेटलाई स्वीकृत गर्ने ।

च) संघीय सरकारबाट प्राप्त रकम बाहेक दिवा खाजाको व्यवस्थापनलाई चुस्त दुरुस्त गर्न थप बजेटको व्यवस्थापन तथा बाँडफाँड गर्ने ।

छ) दिवा खाजाको विस्तार तथा गुणस्तरको लागि चाहिने स्रोतको लागि प्रदेश सरकार तथा अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय र सहकार्य गर्ने ।

**१०.२. गाँउ शिक्षा समितिको भूमिका**

गाउँ शिक्षा समितिको भूमिका निम्न बमोजिम हुनेछ ।

क) पालिकाले दिवा खाजाको लागि तोकेको न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्ने ।

ख) न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरूको व्यवस्थापनको लागि चाहिने आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनको लागि वडा कार्यालय, गाउँपालिका लगायत अन्य निकाय र दातासँग सहकार्य गर्ने ।

ग) आफ्नो मातहतको सम्पूर्ण निकाय तथा विद्यालयहरूलाई आवश्यक निर्देशन दिने ।

घ) दिवा खाजा व्यवस्थापनलाई प्रभावकारी गर्न यस स्थानीय तहअन्तर्गत भएको शाखाहरूमा फोकल कर्मचारी तोक्ने ।

ङ) कार्यक्रम व्यवस्थापन तथा स्रोत परिचालनका लागि निजि क्षेत्र तथा स्थानीय सरकारी, गैर सरकारी सङ्घसंस्थाहरूसँग समन्वय र साझेदारी गर्ने, कार्यक्रम व्यवस्थापनको उपयुक्त ढाँचा निर्धारण गर्ने र सो अनुसार कार्यान्वयन गर्ने ।

च) दिवा खाजाको लागि चाहिने आवश्य पूर्वाधारहरूको विकास गर्न गैर सरकारी सङ्घ, संस्था, नीजि क्षेत्र, दातृ निकायहरूसँग सहयोगको लागि आवश्यक सहकार्य गर्ने ।

छ) दिवा खाजा लागि विद्यालयगत स्रोत निर्धारण बाँडफाँड र प्रवाह गर्ने ।

ज) कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङकन गर्ने गराउने

## १०.३. सामाजिक विकास समिति

दिवा खाजा सञ्चालनमा सामाजिक विकास समितिको भूमिका निम्न बमोजिम रहनेछ ।

क) दिवा खाजाको लागि हुने यस समितिको बैठकमा आवश्यकता अनुसार पालिका अन्तर्गतको कृषि, पशु, सामाजिक सुरक्षा शाखाका प्रमुखहरू लगायत अन्य सरोकारवालाहरूलाई पनि आमन्त्रण गरी आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने ।

ख) शिक्षा शाखाले पेश गरेको दिवा खाजाको कार्ययोजना र बजेटमाथि आवश्यक छलफल गरी अनुमोदन गर्ने र गाउँ कार्यपालिकामा स्वीकृतिको लागि आवश्यक पहल तथा समन्वय गर्ने ।

ग) दिवा खाजालाई स्थानीय स्तरको उत्पादनमा आधारित बनाउन कृषि शाखाको सहयोगमा कृषि सहकारी वा किसान समूहहरूलाई आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोगहरू दिलाउन पहल गर्ने ।

घ) दिवा खाजा सञ्चालनमा अन्य क्षेत्रको समेत भूमिका पहिचान गरी प्राविधिक, आर्थिक तथा अन्य सहयोग वा सहकार्यको लागि पहल गर्ने

ङ) दिवा खाजाको सञ्चालनको लागि चाहिने थप नीति, नियम, योजना तथा कार्यक्रमहरूको मस्यौदा तयार गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

च) प्रत्येक २ महिनामा कम्तीमा एकपटक आफ्नो मातहतको सम्पूर्ण विद्यालयहरूलाई संयुक्त अनुगमन गरी अनुगमनमा देखिएको विषयवस्तुलाई छलफल गरी समस्याहरूको समाधान गरी दिवा खाजालाई प्रभावकारी बनाउन पहल गर्ने ।

**१०.४. वडा शिक्षा समिति/ समितिको भूमिका**

वडा कार्यालयहरूले दिवा खाजा कार्यान्वयनमा देहायका कार्यमा सहयोग गर्नुपर्नेछ ।

क) विद्यालयहरूलाई चाहिने आवश्यक पूर्वाधारको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

ख) विद्यालय र गाउँपालिकाको बिचमा पुलको काम गरी विभिन्न निकायहरूविच समन्वय गर्ने ।

ग) तोकिएको मापदण्ड अनुसारको कार्य भए, नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने, गराउने ।

घ) आफ्ना मातहतका विद्यालयहरूलाई दिवा खाजाको लागि वार्षिक रुपमा सामाजिक परीक्षण गराउन सहयोग गर्ने ।

**१०.५. शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका**

शिक्षा, युवा तथा खेलकुद शाखाले दिवा खाजा सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयनमा देहायका कार्यहरू गर्नुपर्नेछ ।

क) सम्बन्धित निकाय लगायत शिक्षक, वि.व्य.स. र आमा समूहहरूको प्रतिनिधिहरूको समन्वयमा तोकिएको मापदण्ड अनुसारको मेनु निर्माण गरी सामाजिक विकास समितिको स्वीकृति लिई कार्यान्वयन गर्ने ।

ख) दिवा खाजा सञ्चालनको लागि एउटा कार्ययोजना तथा वार्षिक बजेट बनाई सामाजिक विकास समितिमा अनुमोदन गराई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने ।

ग) दिवा खाजा सञ्चालनको लागि चाहिने मानव स्रोत तथा कर्मचारी आवश्यकता पहिचान गरी सोको व्यवस्थापनको लागि स्थानीय तह कार्यपालिकासँग पहल गर्नसक्नेछ ।

घ) विद्यालयहरूलाई तोकिएको मापदण्ड तथा नियमअनुसार त्रैमासिक रुपमा निकासा दिने ।

ङ) विद्यालयहरूले पेश गरेको प्रगति प्रतिवेदनहरूलाई एकीकृत गरी आफ्नो स्थानीय तह स्तरीय प्रतिवेदन तयार गरी सो प्रतिवेदन पालिका लगायत अन्य निकायमा पेश गर्ने ।

च) प्रधानाध्यापक बैठकमा दिवा खाजा विषयसँग सम्बन्धित विषयवस्तुमा छलफल गर्ने, गराउने र दिवा खाजालाई एउटा साधनको रुपमा उपयोग गरी बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाइमा सुनिश्चित गर्ने खालका क्रियाकलापहरूमा छलफल गराउने ।

छ) दिवा खाजा सञ्चालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरूको (भान्से, वि.व्य.स.र शिक्षकहरूको क्षमता विकासका लागि सम्बन्धित निकायहरू (जस्तै खाद्य तथा गुणस्तर नियन्त्रण विभाग, शिक्षाको लागि खाद्य परियोजना, परिवार कल्याण महाशाखा आदि) तथा अन्य विकास साझेदारहरूसँग समन्वय गर्ने ।

ज) दिवाखाजा कार्यान्वयन तोकिएको मापदण्ड अनुसारको भए, नभएको अनुगमन गर्न आवश्यक व्यवस्था मिलाई सल्लाह, सुझाव र सहजीकरण गर्ने, गराउने ।

## १०.६. विद्यालय व्यवस्थापन समितिको भूमिका

स्थानीय तहको मापदण्ड र सहजीकरणमा निर्धारित मापदण्ड अनुसारको गुणस्तरीय खाजा उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन समिति हुने छ । यो समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।

क) दिवा खाजा कार्यक्रमको वार्षिक बजेट, कार्यक्रम तथा कार्ययोजना निमार्ण गर्ने सो अनुरुप कार्ययोजना निर्माण गर्ने र सो अनुरुप कार्यान्वयन गर्ने ।

ख) तोकिएको मापदण्ड अनुरुपमा भान्सा, भण्डारण, सरसफाई, खाद्य सामग्री र खाजाको व्यवस्था गर्ने ।

ग) खाजा तयारी व्यवस्थापन तथा रेखदेखमा कृषि सहकारीहरू, किसान समूह तथा आमाहरूको संलग्नता र सहभागिता सुनिश्चित गर्ने ।

घ) विद्यालय दिवा खाजाको अभिलेख राख्ने र राख्न लगाउने ।

ङ) स्थानीय कृषि उत्पादन गरी दिवा खाजाका लागि आवश्यक सामग्री वा तयारी खाजा उपलब्ध हुने व्यवस्था मिलाउने ।

च) दिवा खाजा व्यवस्थापन देखा परेका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्ने ।

छ) प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनुपूर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्बन्धमा शिक्षक स्टाफबीच समिक्षा गरी प्रतिवेदन र वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने ।

## १०.७. अभिभावक/आमा समूहको भूमिका

विद्यालयमा दिवाखाजा तयारी, व्यवस्थापनको रेखदेख तथा अगुवाई गर्ने प्रत्येक विद्यालयमा अभिभावक/आमाहरूको समूह गठन गर्न सकिनेछ । यो समूहको संलग्नता निम्नानुसार कार्यमा हुन सक्नेछ ।

क) विद्यालयमा खाजा तयारी गर्ने भान्से व्यवस्थापन गर्न वा खाजा तयारी गर्ने अभिभावकहरूको सूची निर्माण गरी दैनिक पालो निर्धारण गर्न सक्ने ।

ख) विद्यालयमा खाजा व्यवस्थापनका प्रक्रिया निर्धारण गर्ने भान्सा खाद्य सामग्री खाजा तयारी र वितरणको रेखदेख गर्ने तथा सोको लागि दैनिक पालो निर्धारण गर्ने ।

ग) विद्यालयमा खाद्य सामग्री वा खाजा आपूर्तीकर्ता छनोट गर्न र आपूर्तिका प्रक्रिया निर्धारण गर्न सहयोग गर्ने ।

घ) विद्यालयमा खाजा व्यवस्थापनका लागि क्षमता विकासका कार्यक्रम पहिचान गर्ने र तदनुरुपका कार्य गर्ने

## परिच्छेद ८
## पोषण तथा सचेतना कार्यक्रम

### ११. पोषण शिक्षा तथा सचेतना क्रियाकलाप

विद्यालयहरूले विद्यार्थीहरूमा पोषण शिक्षा चेतना जागरण कार्यक्रम आवधिक रुपमा गर्नुपर्ने छ । पोषण तथा स्वास्थ्य शिक्षाका व्यवहारिक क्रियाकलाप विज्ञान, स्वास्थ्थ तथा वातावरण शिक्षा विषयका पाठ्यक्रम अन्तर्गत सिकाइ क्रियाकलापसँग सान्दर्भिक र आवद्ध गराई विद्यार्थीहरूलाई अध्ययन समेत गराउनुपर्ने छ । यस अन्तर्गत खाना तथा पोषण मेला पोषणयुक्त खाद्य सामग्री सडकलन करेसाबारी खेती तथा बगैंचा अवलोकन भ्रमण, पोषण खेल जस्ता क्रियाकलापहरू विद्यालयहरूले आयोजना गर्न सक्नेछन् ।

### १२.करेसाबारी व्यवस्थापन

बालबालिकाहरूलाई ताजा तरकारी आपूर्ति गर्न र सिकाइ प्रयोगशाला उपलब्ध गराउन विद्यालयहरूमा रहेको जग्गा या अन्य व्यक्तिको जग्गा लिजमा या भाडा लिएर पनि करेसाबारी व्यवस्थापन गर्न सक्नेछ । आवश्यकता अनुसार गाउँपालिकाले करेसाबारी व्यवस्थापनका लागि विद्यालयहरूलाई बिउविजन, उपकरण औजार र प्राविधिक सहयोग उपलब्ध गराउने छ । विद्यालयले हरित विद्यालय सामग्री कार्यविधि समेतका आधारमा करेसाबारी व्यवस्थापन लागि बाह्य सहयोग प्रयोग गर्न सक्नेछन् ।

### १३.साझेदारी गर्न सकिने

दिवा खाजा व्यवस्थापनका लागि स्थानीय कृषिसहकारी, आमा समूह, कृषक समूहसँग आवश्यक वित्तीय, व्यवस्थापकीय तथा लागत साझेदारी गर्न सकिने छ ।

क) दिवा खाजाको सुरक्षा, स्वच्छता र गुणस्तर सुनिश्चित गर्न दिवा खाजाको सुरक्षा, स्वच्छता र गुणस्तर सुनिश्चित गर्न स्वास्थ्य तथा कृषि शाखालाई परिचालन गरिनेछ । सम्भव भएसम्म स्वास्थ्य शाखा मार्फत महिला स्वास्थ्य स्वयमसेवक परिचालन गर्न,

ख) गाउँपालिकाले खाद्य तथा गुणस्तर नियन्त्रण विभाग अन्तर्गतको जिल्ला कार्यालयको सहयोग लिई खाद्य सुरक्षा तथा गुणस्तर सम्बन्धी न्यूनतम मापदण्ड पूरा गर्न,

ग) अन्य खाद्य सुरक्षा, स्वच्छता र गुणस्तर सम्बन्धी व्यवस्था सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६ अनुसार नै गरिने छ ।

घ) खाद्य तथा गुणस्तर निमन्त्रण विभागको सहयोगमा विद्यालयहरूमा आपूर्ति भएको खाद्य सामग्री तथा पाकेको खाजाको नमुना गुणस्तर परीक्षण गर्ने व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद -९

## दिवा खाजाको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

### १४. दिवा खाजा कार्यक्रमको अनुगमन

दिवाखाजा कार्यक्रमको अनुगमनको गर्ने जिम्मेवारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको हुनेछ

### १५. दिवा खाजा कार्यक्रमको अभिलेख

प्रत्येक विद्यालयले दिवा खाजा कार्यक्रममा सम्लग्न विद्यार्थीहरूको भर्ना, सहभागिता, सिकाइ उपलब्धिको साथै खरिद योजना तथा खाद्य सामग्री खर्च आम्दानी खर्च भरपाई, दैनिक रुपमा खाजा खाने बालबालिकाको सङ्ख्या लगायत अन्य प्रगति र सफलताको विस्तृत अभिलेख राख्नुपर्नेछ साथै शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालयहरूले पेस गरेको प्रतिवेदनहरूलाई एकीकृत गरी पालिका स्तरीय अभिलेख तयार गर्नुपर्नेछ ।

### १६. दिवा खाजा कार्यक्रमको प्रतिवेदन

प्रत्येक विद्यालयले दिवा खाजा कार्यक्रमको प्रतिवेदन त्रैमासिक रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -१०

## क्षमता विकास कार्यक्रम

### १७. दिवा खाजा कार्यक्रम सञ्चालनको लागि क्षमता विकास कार्यक्रम

क) गाउँपालिकाले पारस्परिक साझेदारीमा दिवा खाजासँग संलग्न व्यक्ति तथा संस्थाको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

ख) गाउँपालिकाले सबै भान्सेको लागि समय समयमा खाजा पकाउने तालिम लगायत अन्य पोषण र सरसफाई सम्बन्धि तालिका सञ्चालन र उनीहरूको सीप तथा क्षमता अभिवृद्धि गराउन सक्नेछ ।

## परिच्छेद -११

## विविधः

१८.**कार्यविधिमा संशोधनः** माछापुच्छ्रे गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१९.बाधा अड्काउ फुकाउन सक्नेः यस** कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०.**प्रचलित कानून बमोजिम हुनेः** यस कार्याविधिमा लेखिएका कुराहरू यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२१.खारेजी र बचाउः**

१) यस अगाडि गाउँपालिकाले दिवाखाजा सम्बन्धित जारी गरेका निर्देशनहरू खारेज गरिएको छ ।

२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची -१

### दिवाखाजाको मेनु -१

| क्र.स. | बार | परिकार | आवश्यकता प्रति विद्यार्थी प्रतिदिन | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आइतबार | | | | | | |
| २ | सोमबार | | | | | | |
| ३ | मङ्गलबार | | | | | | |
| ४ | बुधबार | | | | | | |
| ५ | विहीबार | | | | | | |
| ६ | शुक्रबार | | | | | | |

### दिवाखाजाको मेनु -२

| क्र.स. | बार | परिकार | आवश्यकता प्रति विद्यार्थी प्रतिदिन | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आइतबार | | | | | | |
| २ | सोमबार | | | | | | |
| ३ | मङ्गलबार | | | | | | |
| ४ | बुधबार | | | | | | |
| ५ | विहीबार | | | | | | |
| ६ | शुक्रबार | | | | | | |

## अनुसूची -२

### विद्यालयबाट पेस गर्ने विवरण फाराम

श्री माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कास्की

विषयः विवरण पेश गरेको ।

प्रस्तुत विषयमा यस विद्यालयमा शै.स. २०८......अध्ययनरत विद्यार्थी विवरण देहाय अनुसार रहेकाले सो अनुसार दिवा खाजाको रकम माग गर्न बाल विकास कक्षादेखि कक्षा ५सम्मको र कक्षा ६ देखि ..... सम्मको विवरण छुट्टा छुट्टै भरी पेस गरिएको छ ।

देहायः

विद्यालयको नाम र ठेगानाः

शैक्षिक वर्षः

१. कक्षा बाल विकासदेखि कक्षा ५ सम्म

| कक्षा | छात्र | छात्रा | जम्मा | जम्मा रकम |
|---|---|---|---|---|
| बाल विकास केन्द्र | | | | |
| कक्षा १ | | | | |
| कक्षा २ | | | | |
| कक्षा ३ | | | | |
| कक्षा ४ | | | | |
| कक्षा ५ | | | | |
| जम्मा | | | | |

२. कक्षा ६ देखि ..... सम्म

| कक्षा | छात्र | छात्रा | जम्मा | जम्मा रकम |
|---|---|---|---|---|
| कक्षा ६ | | | | |
| कक्षा ७ | | | | |
| कक्षा ८ | | | | |
| कक्षा ९ | | | | |
| कक्षा १० | | | | |
| कक्षा ११ | | | | |
| कक्षा १२ | | | | |
| जम्मा | | | | |

३. विद्यालयको भौतिक अवस्थाः

क) भान्साघरः भएको /नभएको

ख) खानेपानीको अवस्थाः ..............................

ग) भाँडा वर्तनको अवस्थाःनाम र सङ्ख्यामा लेख्ने

घ) इन्धनको स्रोतः ...........................................................................

ङ) भण्डारणको अवस्थाः ....................................................................

च) खाजा खाने स्थानको अवस्थाः..............................................

तयार पार्नेः		पेश गर्नेः

प्रधानाध्यापकको नामः		विव्यस अध्यक्षको नामः

दस्तखतः		दस्तखतः

मितिः		मितिः

**अनुसूची- ३**

**गाउँपालिका स्तरीय दिवाखाजा अनुगमन समितिको अनुगमन फाराम**

विद्यालयको नाम र ठेगानाः

अनुगमन गरेको मितिः

अनुगमन टोली प्रमुखको पद र नामः

विद्यार्थीको उपस्थिति विवरणः

| विद्यार्थी विवरण | भर्ना विवरण | | | अनुगमनमा गणना भएको विद्यार्थी विवरण | | | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा बालविकास | | | | कक्षा बालविकास | | | | |
| कक्षा १ | | | | कक्षा १ | | | | |
| कक्षा २ | | | | कक्षा २ | | | | |
| कक्षा ३ | | | | कक्षा ३ | | | | |
| कक्षा ४ | | | | कक्षा ४ | | | | |
| कक्षा ५ | | | | कक्षा ५ | | | | |
| कक्षा ६ | | | | कक्षा ६ | | | | |
| कक्षा ७ | | | | कक्षा ७ | | | | |
| कक्षा ८ | | | | कक्षा ८ | | | | |
| कक्षा ९ | | | | कक्षा ९ | | | | |
| कक्षा १० | | | | कक्षा १० | | | | |
| कक्षा ११ | | | | कक्षा ११ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा १२ | | | | कक्षा १२ | | | | |
| जम्मा | | | | जम्मा | | | | |

१. अघिल्लो हप्ताको औषत उपस्थितिः

२. अनुगमनको दिनको औषत उपस्थितिः

३. विद्यार्थीको औषत उपस्थितिः

४. उपस्थिति कम भएमा कारणः

५. सबै कक्षाको विद्यार्थीहरूको उपस्थितिको रेकर्ड सधैं राखिने गरिएको छ र छैन ?

६. नराखेको भए कारणः

७. विद्यालय खाजा व्यवस्थापन समिति सक्रिय छ वा छैन यदि छैन भने किन ?

८. खाजा व्यवस्थापन समितिले के के मा सहयोग गर्छन ?

९. खाजा व्यवस्थापन समितिको बैठक कति समयमा बस्छ र निर्णय माइन्यूट गर्ने गरिएको भए बसेको मिति समेत टिपोट गर्ने ।

१०. निर्णयको कार्यान्वयनको स्थिति :

११. खाजा तथा भाँडा वर्तनको भण्डारण कहाँ र कसरी गरिने गरिएको छ ?

१२. प्राप्त भएका प्रचार प्रसारका सामग्रीहरू देखिने स्थानमा राखिएको छन् छैन ?

१३. विद्यालयले प्राप्त गरिएका भाँडा वर्तन प्रयोजनामा ल्याएको छन् छैन भने किन ?

१४. भान्छा कोठा, पानीको व्यवस्था कस्तो छ ?

१५. चुल्होको अवस्था कस्तो छ ?

१६. खाजा बनाउने भान्छेको व्यवस्था छ छैन ?

१७. खाजा तोकिएको परिणाम अनुसार दिने गरेको छ छैन भने किन ?

१८. खाजा पकाउँदा तोकिएको स्केल अनुसार नापेर पकाउने गरिएको छ छैन भने किन ?

१९. विद्यार्थीले खाजा केमा खाने गरेका छन् ?

२०. सरसफाईको अनुगमन कर्ताले दिएका सुझावहरू :

२१. खाद्यान्नको स्थिति :

२२. समस्या समाधानका लागि गरिएका उपायहरूः

- 

प्रधानाध्यापकको दस्तखतः    शिक्षकको दस्तखतः

अनुगमन टोली प्रमुखको दस्तखतः

सदस्यहरूको दस्तखतः

नामः..............................पदः.......................... दस्तखत

नामः..............................पदः.......................... दस्तखत

नामः..............................पदः.......................... दस्तखत

नामः..............................पदः.......................... दस्तखत

मितिः......................................................

## अनुसुची-४

## विद्यालयले पेश गर्ने मासिक/ त्रैमासिक/ वार्षिक प्रतिवेदन

विद्यालयको नाम र ठेगानाः.....................................................................

शैक्षिक सत्रः................................................. आर्थिक वर्षः.......................................................

को ............................................................प्रगति प्रतिवेदन

क. विद्यार्थीको अवस्थाः

| विवरण | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थिति दिन | | | |
| खाजा उपभोग भएको दिन | | | |
| खाजाको कारण भएको उपस्थिति वृद्धि दर | | | |
| शैक्षिक उपलब्धी वृद्धि दर | | | |

ख. आर्थिक अवस्थाः

| विवरण | आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|
| अघिल्लो मौज्दात | | | |
| यस त्रैमासिकको | | | |
| अघिल्लो त्रैमासिकको | | | |
| बचत/ नपुग | | | |

संलग्न कागजातहरूः

१. निर्णयहरू

२. आम्दानी खर्चका विल भरपाई

३. अन्य आवश्यक कागजातहरू

तयार गर्ने
- नामः
- पदः
- दस्तखतः
- मितिः

प्रमाणित गर्नेः
- नामः
- पदः
- दस्तखतः
- मितिः

आज्ञाले

(केशव सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत